# आचार संहिता सम्बन्धी संक्षिप्त जानकारी

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
बबरमहल, काठमाडौं
पोष्ट बक्स नं ५२८९
फोन : ४२५८५६९, ४२६९१३०
Email : ican@ntc.net.np
Website : www.ican.org.np

२०६५

## पृष्ठभूमिः

लेखाव्यवसायको स्तरीयतालाई कायम राख्न, लेखाव्यवसायको कार्य सम्पादनको उच्च गुणस्तर अझ बढी सुनिश्चित गर्न र पेशाप्रति जनसाधारणको विश्वास कायम राख्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था सदैव क्रियाशील रहँदै आएको छ । यसै सिलसिलामा लेखाव्यवसायलाई मर्यादित व्यवसायको रुपमा विकास गर्न सम्पूर्ण लेखाव्यवसायीलाई आफ्नो कर्तव्य र उत्तरदायित्व बोध गराउन र व्यवसाय सञ्चालनमा अनुशासन कायम राख्न अभिप्रेरित गर्ने उद्देश्यले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३४ को उपदफा १५ बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको परिषदले मिति २०६० माघ १ गतेदेखि लागू हुने गरी आचार संहिता, २०६० जारी गरिसकेको छ । उक्त आचार संहिता अन्तर्राष्ट्रिय लेखाव्यवसायी महासंघ (International Federation of Accountants – IFAC ) बाट प्रतिपादित तत्कालीन आचार संहितामा आधारित छ। यसले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यहरुका ग्राहक, रोजगारदाता, कर्मचारी, साझेदार आदिका साथै सर्वसाधारण समेतका आपसी सम्बन्धलाई नियमित र सम्मानजनक बनाउने प्रयत्न गरेको छ । सदस्यहरुको शुद्ध आचरण र सद्व्यवहारबाट नै समाजमा व्यवसाय एवं व्यवसायीहरुको मर्यादा एवं प्रतिष्ठा स्थापित हुने तथ्यलाई मनन गर्दै सबै सदस्यहरुले आफ्नो व्यावसायिक आचरण शुद्ध राख्नमा विशेष ध्यान दिनेछन् भन्ने अपेक्षा गरिएको छ ।

अन्तर्राष्ट्रिय लेखा व्यवसायी महासंघको सदस्यको हैसियतले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था सो महासंघमा आवद्ध रही लेखाव्यवसायको विश्वव्यापीकरणमा सामन्जस्य ल्याउन, प्रबर्द्धन गर्न र स्तरवृद्धि गर्न प्रतिवद्ध छ ।

लेखाव्यवसायीले लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गर्ने रायको आधारमा सम्बन्धित निकाय प्रति जनसाधारणको विश्वास रहने हुंदा लेखाव्यवसायी कुनै विशेष निकाय प्रति मात्र उत्तरदायी नभई पूरै समाज प्रति उत्तरदायी हुनु पर्दछ । यही गहन जिम्मेवारीले लेखाव्यवसायीलाई अनुशासित रहन स्वतः प्रेरित गरेको हुन्छ ।

लेखाव्यवसायमा संलग्न सदस्यहरुबाट आचरण बिपरीत हुने गरी भएका काम कारवाहीका सम्बन्धमा टीका टिप्पणी हुने गरेको तथा संस्थामा उजुरीहरु समेत प्राप्त हुने गरेकाले आफ्नो पेशालाई थप मर्यादित बनाउन लेखाव्यवसायीहरु सजग हुनु पर्ने देखिन्छ । आचार संहिता सम्बन्धी सचेतनाको कमीका कारणबाट आचार संहिताको पूर्ण पालना हुन नसक्ने यथार्थलाई ध्यानमा राखी यस तर्फ लेखाव्यवसायीको र यिनका सेवाग्राहीहरुको पनि ध्यान आकृष्ट गर्ने अभिप्रायले आचार संहिता सम्बन्धी संक्षिप्त जानकारीमूलक सामग्री प्रकाशन गरिएको छ ।

## लेखाव्यवसायीले पालना गर्नुपर्ने आधारभूत सिद्धान्तहरु (Fundamental Principles)

विश्वब्यापी रुपमा लेखाव्यवसायीले पालना गर्नुपर्ने आधारभूत सिद्धान्तहरु देहाय बमोजिम रहेका छन्

- **कर्तव्यनिष्ठता ( Integrity)**: सेवा प्रदान गर्ने लेखाव्यवसायी इमान्दार एवं स्पष्टवादी हुनु पर्दछ ।
- **वस्तुनिष्ठता ( Objectivity)** :लेखाव्यवसायी पूर्वाग्रही, पक्षपाती वा स्वार्थी नभई निष्पक्ष र वस्तुनिष्ठ रहनु पर्दछ ।
- **स्वतन्त्रता (Independence):** : लेखाव्यवसायीले प्रदान गर्ने सेवा कुनै पनि किसिमको दवाव वा स्वार्थबाट मुक्त रहनु पर्दछ ।
- **पेशागत सक्षमता र उचित सतर्कता (Professional Competence and Due Care)**: लेखाव्यवसायी पेशागत ज्ञान र सीपले सक्षम रही ग्राहकलाई आफ्नो ज्ञान, सीप र क्षमताको अधिकतम उपयोग गरी उचित सतर्कता र मेहनतका साथ प्रचलित प्रविधि र कानून सम्मत व्यावसायिक सेवा प्रदान गर्नु पर्दछ ।
- **गोपनीयता (Confidentiality) :** लेखाव्यवसायीले आफ्नो व्यवसायको सिलसिलमा प्राप्त हुन आएका ग्राहकको व्यावसायिक सूचनाको गोपनीयता सदैव कायम राख्नु पर्दछ ।

- **व्यावसायिक आचरण (Professional Behaviour):** लेखाव्यवसायीले लेखाव्यवसायको प्रतिष्ठामा आंच नआउने गरी आफ्नो आचरण र व्यवहार गर्नु पर्दछ ।

- **प्राविधिक मान (Technical Standards) :** लेखाव्यवसायीले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका सम्पूर्ण प्राविधिक मानहरु ईमान्दारीपुर्वक पालना गर्नु पर्दछ ।

## सार्वजनिक हितलाई प्राथमिकता दिनुपर्ने

लेखाव्यवसायीले ग्राहक तथा रोजगारदातालाई सेवा प्रदान गर्दा सार्वजनिक हितलाई सर्वोपरि ध्यान दिनु पर्दछ । लेखाव्यवसायीले आफ्नो सेवा प्रदान गर्ने सिलसिलामा उपरोक्त आधारभूत सिद्धान्तहरुका साथसाथै देहायका बिषयहरुमा सजग रहनु पर्दछ ।

- लेखाव्यवसायीले तयार गर्ने प्रतिवेदन तथा सूचनाको शूद्धता प्रति सम्बन्धित सबै आश्वस्त हुन सकिने हुनु पर्दछ ।

- लेखाव्यवसायीहरु व्यवसायिक रुपमा सक्षम छन् भनी रोजगारदाता, ग्राहक, सरोकारवाला र समाजलाई विश्वास दिलाउन सक्नुपर्दछ ।

- लेखाव्यवसायीले प्रदान गर्ने सेवाहरु उच्च गुणस्तरका छन् भन्ने कुरामा सेवाग्राहीलाई महसुस दिलाउन सक्नु पर्दछ ।

- लेखाव्यवसायीहरुले एक निश्चित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको आचार संहिताको संरचना अन्तर्गत रही व्यावसायिक सेवा दिएका छन् भनी सेवाग्राहीलाई आश्वस्त तुल्याउन सक्नु पर्दछ ।

## लेखाव्यवसायीको आचारणलाई निर्देशित गर्ने प्रमुख श्रोतहरुः

- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (संशोधन सहित) ऐन, २०५३,

- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१,

- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको आचार संहिता, २०६०,

- आचार संहितासंग सम्बन्धित निर्देशिकाहरु,

- संस्थाले समय समयमा जारी गरेका सूचना, परिपत्र, सर्कुलरहरु,

- लेखामान तथा लेखापरीक्षणमान वोर्डबाट प्रतिपादित मानहरु,

- सेवाग्राही संस्थालाई नियमन गर्ने नियमनकारी निकायबाट लेखा तथा लेखापरीक्षणसंग सम्बन्धित परिपत्र तथा निर्देशकहरु,

- सम्वन्धित प्रचलित ऐन कानुनहरु जस्तो : कम्पनी ऐन, आयकर ऐन आदि,

- सेवाग्राहि र व्यवसाय सम्बन्धमा प्रचलित विधि  तथा स्वीकार्य सिद्धान्त,

- पूरा समय रोजगारीमा रहेका लेखाव्यवसायी ( Members in Employement) को हकमा निज कार्यरत संस्थाको नियम, कानुन, परिपत्र, मार्गदर्शन ।

उपरोक्त ऐन, नियमको पालना गर्नु लेखाव्यवसायीको कर्तव्य हो सो को प्रतिकूल कार्य गर्ने लेखाव्यवसायीको नियमानुसार सजायको भागी हुनेछ ।

## संस्थाका सदस्य तथा लेखाव्यवसायीहरुले ध्यान दिनु पर्ने कुराहरु : (ऐनको दफा ३४)

- आफ्नो वर्गको पेशागत प्रमाणपत्र नपाएका व्यक्तिसंग साझेदारी वा अन्य कुनै किसिमबाट मिली लेखापरीक्षण कार्य गर्नु हुँदैन ।
- संस्थाको सदस्यता पाएको व्यक्ति बाहेक अन्य व्यक्तिसंग आफूले पाएको वा आर्जन गरेको लेखा परीक्षण शुल्क वा पारिश्रमिकमा कुनै किसिमको साझेदारी गर्न वा मुनाफामा हिस्सा दिनु हुँदैन र सदस्यता पाएका व्यक्ति लगायत अन्य कुनै व्यक्तिसंग आफूले पाएको वा आर्जन गरेको व्यावसायिक शुल्कमा कमिशन, दलाली आदि दिनु हुँदैन ।
- डर, धाक, त्रास, वा प्रलोभन देखाई कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपले लेखा व्यवसायका कामहरु पाउनका लागि प्रभावित गर्न हुँदैन ।
- आफूलाई काम लगाउने व्यक्ति र प्रचलित कानूनले बाध्य गराएको व्यक्तिलाई बाहेक अन्य व्यक्तिलाई आफ्नो व्यवसायको सिलसिलामा पाएका सूचना तथा स्पष्टीकरणहरु दिन वा भन्नु हुँदैन ।
- आफू वा आफ्नो साझेदार वा कर्मचारीले जाँची रुजू नगरेसम्म कुनै पनि आर्थिक विवरण प्रमाणित गर्न वा कुनै किसिमको प्रतिवेदन दिनु हुँदैन ।
- आफ्नो वा आफ्नो साझेदारको हित भएको कुनै संस्थाको आर्थिक विवरण प्रमाणित गर्दा वा प्रतिवेदन दिंदा आफ्नो वा आफ्नो साझेदारको स्वार्थ निहित रहेका कुरा पनि स्पष्ट रुपले उल्लेख गर्नु पर्दछ ।
- आफूले प्रमाणित गरेको कुनै पनि आर्थिक विवरणलाई यथार्थ रुपमा दर्शाउन आफूलाई थाहा भएका कुनै पनि मूलभूत कुराहरु स्पष्ट रुपले देखाउनु पर्दछ वा आफूले थाहा पाएसम्म आफूले प्रमाणित गरेको आर्थिक विवरणमा कुनै गलत विवरण वा स्पष्टीकरण रहेछ भने सो पनि स्पष्ट रुपले उल्लेख गर्नु पर्दछ ।
- आफ्नो व्यवसायको सिलसिलामा गर्नुपर्ने कर्तव्य सावधानीपूर्वक पालना गर्नु पर्दछ र प्रचलित कानून तथा लेखापरीक्षण सम्बन्धी मान्य सिद्धान्त अनुरुप नभएका वा नगरिएका कुनै पनि मूलभूत कुराहरु माथि सम्बन्धित सबैको ध्यानाकर्षण गराउनु पर्दछ
- पेशागत प्रमाणपत्र प्राप्त सदस्यले आफूले काम गरे वापत पाउनु पर्ने पारिश्रमिकलाई मुनाफाको प्रतिशत वा अन्य कुनै अनिश्चित नतिजा माथि आधारित गर्नु हुँदैन ।
- नेपाल सरकारको कुनै कार्यालय, विभाग वा कुनै संस्थालाई प्रचलित कानून बमोजिम दिनु पर्ने सूचना, स्पष्टीकरण वा विवरणमा जानी जानी वा लापरवाही साथ झुट्टो कुरा उल्लेख गर्नु हुँदैन ।
- आफूले नोकरी गरेको संस्थाको सेवा गर्न छोडेको कम्तीमा तीन वर्ष नपुगी सो संस्थाको लेखापरीक्षण गर्नु हुँदैन ।
- प्रचलित कानून बमोजिम लेखापरीक्षकमा नियुक्त हुन आवश्यक रीत पूरा भएको यकिन नगरी कुनै संस्थाको लेखापरीक्षकमा भएको नियुक्ति स्वीकार गर्नु हुँदैन ।
- लेखापरीक्षण सम्बन्धमा आफ्नो राय व्यक्त गर्नु अगाडि यथेष्ठ रुपमा सम्बन्धित सूचना प्राप्त गरेको हुनु पर्छ ।

## आचार संहिता विपरीत हुने कार्यहरुः

आचार संहिता विपरीत हुने कार्यहरुको सूची निकै लामो हुने भएकोले उदाहरण स्वरुप केही यस्ता कार्यहरुको सूचीमात्र यहाँ प्रस्तुत गरिएको छ ।

### १. प्रचार प्रसार र विज्ञापन सम्बन्धमा लेखाव्यवसायीले गर्न नहुने कार्यहरु :

- आफ्नो ग्राहकलाई सम्पर्क गर्न सजिलो होस् भन्ने हेतुले टेलिफोन वा अन्य व्यापारिक डाईरेक्ट्रीहरुमा सामान्य रुपमा सूचीकरण गर्नेबाहेक आफ्नो पेशाको विज्ञापन गर्ने नियतले आफ्नो वा आफ्नो फर्मको कुनै पनि विवरण प्रकाशन गर्न, आफ्नो वा आफ्नो फर्मको प्रचार प्रसार गर्ने हेतुले कुनै प्रकारको पर्चा बनाउन, बांड्न वा सार्वजनिक स्थानमा टांस्न हुदैन । त्यस्तै आफ्नो वा आफ्नो फर्मको प्रचार प्रसार हुने गरी शुभकामना, बधाई वा समवेदना पठाउंनु वा छपाउनु हुदैन ।

- पत्रपत्रिका लगायतका अन्य संचार माध्यम मार्फत सहयोगको रुपमा शुल्क नलिने घोषणा लगायतका प्रलोभन देखाई, अनुरोध पत्र पठाई वा वैयक्तिक विवरण ( C.V.) बांडी लेखाव्यवसायको कार्य प्राप्त गर्ने प्रयास गर्नु हुदैन ।

- कुनै पुस्तक प्रकाशन गर्दा वा पत्र पत्रिका वा अन्य कुनै प्रकाशनमा लेख रचना छपाउंदा वा प्रकाशन गर्दा वा कुनै पत्रिकामा प्रश्नोत्तर, समीक्षा आदि स्तम्भमा लेख्दा आफ्नो नाम, व्यावसायिक योग्यता, वा आफ्नो फर्मको नाम उल्लेख गर्ने बाहेक आफ्नो वा आफ्नो फर्मको प्रचार प्रसार हुने किसिमको कुनै पनि शब्द, चिन्ह वा वाक्यांश उल्लेख गर्नु हुदैन ।

- कुनै संचार माध्यमबाट सार्वजनिक अन्तरवार्ता दिंदा वा सार्वजनिक स्थलमा भाषण वा मन्तव्य दिंदा आफ्नो वा आफ्नो फर्मको नाम उल्लेख गर्ने बाहेक आफ्नो फर्म र व्यवसायको प्रचार प्रसार हुने किसिमबाट कुनै पनि अभिव्यक्ति दिनु हुदैन

- व्यावसायिक कारोबारको सिलसिलामा प्रयोग हूने नामपाटी (नेमप्लेट), परिचयपत्र, भिजिटिंग वा विजिनेश कार्ड वा व्यावसायिक मसलन्द एवं कागजपत्र आदिमा आफ्नो हैसियत, पूर्व हैसियत वा लेखाव्यवसायसंग असम्बन्धित पद वा हैसियत लेख्न वा छाप्न हुदैन ।

- आफ्नो फर्म वा कार्यालयमा २ (दूई) फिट x ३.५ (साढें तीन) फिट भन्दा ठूलो साईनबोर्ड वा नियोन लाईट जडित साइनबार्ड वा होर्डिंग बोर्ड राख्न हुदैन ।

- साईनबोर्डमा नाम, प्रमाणपत्र नम्बरहरु, ठेगाना, सम्पर्क नम्बरहरु र पदनाम वाहेक आफ्नो व्यवसायको बारेमा तथा फर्मको प्रचार प्रसार हुने किसिमको कुनै शब्द वा चिन्ह प्रयोग गर्नु हुदैन । सांकेतिक चिन्ह राखी आफ्नो फर्मको लोगो बनाई प्रयोग गर्न हुदैन ।

- कुनै लेखाव्यवसायी सदस्य कुनै कम्पनीको संचालक वा सल्लाहकार पदमा बहाल रहेको अवस्थामा उक्त कम्पनीले प्रकाशन गर्ने विवरण पत्र वा सार्वजनिक सूचना आदिमा निज सदस्यको कार्य अनुभव वा फर्मको नाउँ समेत उल्लेख गर्नु हुदैन ।

- फर्मको संरचना वा ठेगानामा भएको परिवर्तनको सूचना प्रकाशन गर्दा आफ्नो वा फर्मको प्रचार प्रसार हुने कुनै पनि शब्दको प्रयोग गर्नु हुदैन ।

- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पार्षद तथा पदाधिकारीले आफ्नो लेखाव्यवसायको सिलसिलामा प्रयोग हुने कुनै पनि कागजातमा संस्थासंग सम्बद्ध कुनै पद वा हैसियत उल्लेख गर्नु हुंदैन ।

## २. नयाँ कार्यको स्वीकृती, शुल्क तथा कमिशन सम्बन्धमा लेखाव्यवसायीले गर्न नहुने कामहरुः

- लेखाव्यवसायीले व्यवसाय विकास गर्ने उद्देश्यले सम्भावित ग्राहकहरुसमक्ष विभिन्नमाध्यम मार्फत आफ्नो वैयक्तिक विवरण, व्यावसायिक दक्षता वा अनुभवको विवरण वितरण गर्न, अनुरोध पत्र पठाउन, कम शुल्क वा निःशुल्क रुपमा कार्य गर्न सकिने आदि आशयका साथ प्रस्ताव राखी लेखाव्यवसायको कार्य प्राप्त गर्ने प्रयत्न गर्नु हुँदैन ।
- प्रस्तावित लेखाव्यवसायीले साविक लेखाव्यवसायीलाई लिखित जानकारी नदिई लेखापरीक्षकको नयाँ नियुक्ति स्वीकार गर्नु हुदैन ।
- लेखाव्यवसायीले आफुले गर्न नसक्ने वा सो सम्बन्धी विषयमा आवश्यक व्यावसायिक क्षमता वा जानकारी नभएमा सो कार्यको जिम्मेवारी लिनु हुदैन ।
- प्रस्तावित लेखाव्यवसायीले साविक लेखाव्यवसायीबाट कुनै कार्य प्राप्त गरेमा तोकिएको कार्यको सीमाभन्दा बाहिर गई कुनै पनि कार्य गर्नु हुँदैन ।
- लेखापरीक्षणको क्षेत्र समान रहेको अवस्थामा लेखापरीक्षणको गुणस्तरमा कमी आउने भएकोले साबिक शुल्कभन्दा कम शूल्क लिएर लेखापरीक्षणसम्बन्धी कार्य स्वीकार गर्नु हुँदैन ।
- लेखाव्यावसायिक सेवा शुरु हुनुभन्दा अगावै शुल्क निर्धारण नगरी वा शुल्क निर्धारण गर्ने आधार तय नगरी नियुक्ति स्वीकार गर्नु हुँदैन ।

### ३. स्वार्थको अन्तरद्वन्द्व हुने गरी कुनै पनि पेशा व्यवसायमा संलग्न हुन नहुने :

- आफू कार्यरत संस्थाबाट रकम निकासा भई जुन निकायले रकम प्राप्त गर्दछ सोही संस्थाको लेखापरीक्षक हुने, सरकारी कर्मचारीको हकमा सरकारी कोषबाट संचालित अर्को निकायको लेखापरीक्षण गर्ने, एउटै निकायको लागि एक जना साझेदार आन्तरिक लेखापरीक्षकमा र अर्को साझेदार बाह्य लेखापरीक्षकमा नियुक्ति हुनेजस्ता परस्पर विरोधाभाषपूर्ण कार्य गर्नु हुँदैन ।
- स्वार्थको अन्तरद्वन्द सिर्जना हुने नियुक्ति स्वीकार गर्नु हुदैन । उदाहरणार्थ : एउटै व्यक्ति एउटै ग्राहकको लेखापरीक्षक र सर्भेयर हुने, आन्तरिक र अन्तिम लेखापरीक्षक हुने, सल्लाहकार र लेखापरीक्षक हुने आदि ।

## ४. ग्राहकसंगको सम्बन्ध :

- लेखाव्यवसायीले आफ्ना ग्राहक वा रोजगारदातालाई आफूले तयार गरी दिएको कर विवरण र करसम्बन्धी सल्लाह चुनौतीरहित भएको विश्वास दिलाउनु हुँदैन र कर विवरणमा उल्लेख भएका कुराहरूको जिम्मेवारी मुख्य रुपमा ग्राहक वा रोजगारदाताकै हुने कुरा बताउनु पर्दछ । तर गत वर्षहरुमा तिर्नुपर्ने कर रकम तिरेको नपाइएमा तत्काल उक्त रकम राजस्वमा दाखिला गर्नका लागि सल्लाह दिनु लेखाव्यवसायीको कर्तव्य हुन आउँछ ।
- पेशागत व्यवसायमा संलग्न लेखाव्यवसायीले ग्राहकले गैरकानुनी कियाकलापबाट प्राप्त गरेको वा गैरकानूनी कार्यमा प्रयोग हुने रकम हो भन्ने लागेमा ग्राहकको त्यस्तो रकम आफ्नो जिम्मामा लिनु हुँदैन ।

- ग्राहकको श्रेस्तापालनमा लेखाव्यवसायी आफैं वा लेखाव्यवसायीका कर्मचारीहरु संलग्न भएको अवस्थामा त्यस्तो सेवाग्राहीको लेखापरीक्षण कार्य स्वीकार गर्नु हुँदैन ।

## ५. सेवारत लेखाव्यवसायीका सम्बन्धमा :

- रोजगारदाता र पेशाप्रति निष्ठावान् हुनु पर्दछ तर निष्ठावान बन्ने नाममा ऐन कानुन उल्लघंन गर्ने, आफ्नो पेशासंग सम्वन्धित नियम र मानको उल्लघंन गर्ने, रोजगारदाताका लागि कार्य गर्ने, लेखापरीक्षकलाई झूठो विवरण दिने वा भ्रम पैदा गर्ने, सारभूत रुपमा गलत तथ्य उल्लेख भएको विवरणमा आफ्नो नाम उल्लेख गर्ने वा आफू सम्बद्ध हुने कार्य गर्नु हुँदैन ।

- सेवारत लेखाव्यवसायीले आफ्ना रोजगारदाता र आफ्नो व्यावसायिक आचरणको बीचमा उठेको विवाद सम्भव भएसम्मका उपाय अपनाउंदा पनि समाधान गर्न नसकेको खण्डमा राजीनामा दिनु पर्दछ ।

## ६. विविध :

- पेशागत सेवाको विशेष क्षेत्रमा आफ्नो दखल नभएमा अर्को लेखाव्यवसायी, कानुन व्यवसायी, इञ्जिनियर, भूगर्भविद्, बीमासम्बन्धी मूल्यांकनकर्ता (आक्चूअरी) जस्ता सम्बन्धित क्षेत्रका विशेषज्ञहरूबाट प्राविधिक सल्लाह प्राप्त गर्नु पर्दछ । तर विशेषज्ञहरूबाट प्राप्त सुझावको जिम्मेवार लेखाव्यवसायी स्वयं हुनु पर्दछ ।

- लेखाव्यवसायीले लेखाव्यवसायको गरिमा वा वस्तुनिष्ठता वा स्वतन्त्रता वा इमान्दारीमा आंच आउने वा आँच आउन सक्ने कुनै पेशा व्यवसाय वा क्रियाकलापमा संलग्न रहनु हुंदैन ।

- दर्तावाला लेखापरीक्षक सदस्यहरुले वर्ग अनुसार तोकिएको अधिकतम सीमा भन्दा माथिको रकमको लेखापरीक्षण गर्नु हुंदैन ।

## आचार संहिताको उल्लंघन उपर उजुरी र कारबाही

ऐनको दफा १४ मा सदस्य उपर उजुरी र कारबाहीसम्बन्धी तथा नियम ८१ मा कारवाही प्रक्रियाको बारेमा उल्लेख छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्य विरुद्ध कारवाहीको प्रमुख आधार उजुरी नै हो । गलत आशयले उजुरी गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न उजुरीकर्ताले रु १००/- दाखिला गर्नु पर्ने प्रावधान राखिएको छ । उजुरी गर्ने मनासिब माफिकको कारण बेगर सदस्यलाई दुःख दिने नियतले मात्र कसैले उजुरी गरेको ठहरेमा निजलाई रु. १०००/- सम्म जरिवाना हुनेछ । कुनै पनि सदस्यविरुद्ध अर्को सदस्य, सेवाग्राही निकाय वा व्यक्ति सरोकार भएको वा नभएको जो कोहीले पनि सप्रमाण परिषद्मा उजुरी गर्न सक्छ । बेनामी, प्रमाणरहित र प्रष्ट रुपमा नकिटिएको उजुरीमाथि कारवाही हुदैन ।

कसैले उजुरी गरेको अवस्थामा सोही बमोजिम र कुनै सदस्यले पालना गर्नुपर्ने आचरणको पालना नगरेको विश्वास गर्न सकिने तथ्य फेला परेमा कार्यकारी निर्देशकद्वारा परिषद्मा उजुरी पेश गरिन्छ । परिषदले अनुशासन समितिको सिफारिश बमोजिम निम्नानुसार सजाय गर्न सक्ने व्यवस्था छ :

- नसिहत दिने,

- बढीमा पाँच वर्षसम्मको लागि सदस्यताबाट हटाउने ,

- कुनै खास अवधिको लागि लेखा व्यवसाय गर्न नपाउने गरी रोक लगाउने, र
- पेशागत प्रमाणपत्र वा सदस्यताको प्रमाणपत्र रद्द गर्ने ।

परिषदको निर्णयमा चित्त नबुझ्ने सदस्यले पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्दछ । तर आरोपित सदस्यलाई आफूमाथि लागेको आरोप उपर नियमानुसारको सफाई पेश गर्ने मौका प्रदान गरिनेछ ।

ऐनको दफा ४१ मा सदस्य तथा गैह्र सदस्यहरुलाई दण्ड सजायको व्यवस्था गरेको छ ।

- ऐन तथा नियमको बर्खिलाप कुनै काम गर्ने सदस्यलाई पाँच वर्ष सम्मको लागि निलम्वन गरी दुई हजार रुपैयाँसम्म जरीवाना वा तीन महिना सम्म कैद वा दुबै सजाय हुने व्यवस्था छ ।
- संस्थाको नाम, चिन्ह वा संस्थाले प्रयोग गर्न पाउने कुनै पनि किसिमको अधिकारको प्रयोग गरेमा निजलाई पहिलो पटक भए एक हजार रुपैयाँसम्म जरिवाना हुनेछ र त्यसपछि पनि त्यस्तो काम गरेको ठहरेमा पटकैपिच्छे पाँच हजार रुपैयाँसम्म जरिवाना वा छ महिना सम्म कैद वा दुवै सजाय हुनेछ ।
- पेशागत प्रमाणपत्र नपाएका व्यक्तिले लेखापरीक्षण गरेमा वा लेखापरीक्षण प्रमाणपत्र प्राप्त व्यक्तिको हैसियतले कुनै कागजातमा हस्ताक्षर गरेमा दुई हजार रुपैयाँसम्म जरीवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

आचार संहिता सम्बन्धमा सदस्यहरुमा कुनै प्रकारको संशय उत्पन्न भएमा सदस्य स्वयंले व्याख्या नगरी स्पष्टीकरणको लागि संस्थामा लिखित वा मौखिक रुपमा सम्पर्क राख्न अनुरोध गरिन्छ । यस्तो अनुरोध प्राप्त भएमा संस्थाले यथाशिघ्र उपयुक्त सल्लाह प्रदान गर्नेछ ।

संस्थाको ऐन, नियम, आचार संहिता तथा निर्देशिकाहरु संस्थाको वेबसाइटमा राखिएको छ जुन डाउनलोड गरी नि:शुल्क प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ ।

सदस्यहरुले यससम्बन्धी बिस्तृत जानकारीको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन तथा नियम, संस्थाको आचार संहिता, २०६० र निर्देशिकाहरुको अध्ययन गर्न  अनुरोध गरिन्छ ।

◆